नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वन तथा भू-संरक्षण विभाग

४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स: ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला । )

बबरमहल

काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मितिः

पत्र संख्याः ०७६।७७

च. नं.: १८८

मितिः२०७६।०६।०५

विषय : सशस्त्र वन रक्षक तथा फरेष्टर कर्मचारीहरुको तलब भत्ता सम्बन्धमा ।

श्री डिभिजन वन कार्यालयहरु (सबै) ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामानय प्रशासन मन्त्रालयको च.नं. ६३१ मिति २०७६।०२।१९ को नेपाल विविध सेवा, सशस्त्र वन रक्षक जमदार र हवलदारहरुको पुल दरवन्दी कायम तथा कामकाज लगाउने सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै जानकारी गर्नु हुनेछ । हाललाई उक्त पत्रको बुँदा नं. ३ बमोजिम सशस्त्र वन रक्षकहरुलाई हाल कार्यरत रहेकै स्थानमा काम गर्ने गरी खटाउने व्यवस्था सम्बन्धित मन्त्रालयले मिलाउने भन्ने व्यहोरा बमोजिम श्री वन तथा वातावरण मन्त्रालयको च.नं. क.प्र./समायोजन/०७६/७७ नं. ७१२ मिति २०७६।०६।०५ को पत्रबाट आवश्यक कार्यान्वयनको लागि भनी पत्र प्राप्त भएको र संघमा समायोजन भई दरवन्दी नमिलेका र फाजिलमा परेका फरेष्टर लगायतका कर्मचारीहरुको ओ. एण्ड एम. पुनरावलोकनको कार्य भइरहेको छ । उक्त कार्य सकिनासाथ उल्लिखित कर्मचारीहरुलाई यस विभागमा रहेको एकमुष्ठ रकमलाई रकमान्तर गरी बजेट निकासाको व्यवस्था मिलाईने भएकोले सो काम नसकिदासम्म कार्यरत कार्यालयकै विनियोजित बजेटको मिल्दो खर्च शीर्षकबाट कार्यरत कर्मचारीहरुलाई तलब भत्ता र चाडपर्व खर्च भुक्तानी दिने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

डा.राम प्रसाद लम्साल

(महानिर्देशक)

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
कर्मचारी प्रशासन शाखा

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

*क.प्र./ समायोजन /०७६/७७ नं.७१२*

*"सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन "*

पत्र संख्या :-
चलानी नं.:
प्राप्त पत्र संख्या र मिति :-

२०७६/६/५

**विषय** :– नेपाल विविध सेवा, सशस्त्र वन रक्षक, जमदार र हवल्दारहरुको पुल दरवन्दी कायम तथा कामकाजमा लगाउने सम्बन्धमा ।

श्री वन तथा भू संरक्षण विभाग,
ववरमहल ।

उपरोक्त विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी समायोजन शाखाको च.नं.६३१ मिति २०७६।२।१९ को पत्रको फोटोकपी जानकारी एवं आवश्यक कार्यान्वयनको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अनन्तराज लामिछाने)
शाखा अधिकृत

D:\SAGAR\SAGAR\Prashasan 2076-77\Letter\Letters 2076-04-01 To 2076-07-30.doc

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८

9.४६४
२१२९

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(कर्मचारी समायोजन शाखा)

५.म.न.३१९९
२१२०

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

पत्र संख्या : २०७५/०७६

चलनी नं. : ६३१

मिति २०७६/०२/१९

**विषय:- नेपाल विविध सेवा, सशस्त्र वन रक्षक, जमदार र हवल्दारहरुको पुल दरवन्दी कायम तथा कामकाजमा लगाउने सम्बन्धमा ।**

श्री वन तथा वातावरण मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

उल्लेखितं विषयमा नेपाल विविध सेवा, रा.प.अनं द्वितीय श्रेणीका सशस्त्र वन रक्षक (जमदार) पदक कर्मचारीहरुको समायोजन सम्बन्धमा जमदार पदका ६८ जना र हवल्दार पदका १३ जनालाई संघमा समायोजन गर्ने । बाँकी २४४ जना फाजिल कर्मचारीहरुलाई संघमा (सेवा संचालन गर्ने मन्त्रालय) पुल दरवन्दीमा राखी काम गरिरहेकै निकायमा कामकाज गर्न खटाउने गरी (मा.मन्त्रीस्तर)बाट मिति २०७६/०२/१३ मा निर्णय भएकोले तपशिल बमोजिम गर्नु हुन निर्णयानुसार अनुरोध छ ।

तपशिल

१ वन तथा वातावरण मन्त्रालयको संगठन तालिका बमोजिम सशस्त्र वन रक्षकहरु केन्द्रका कर्मचारी भएको देखिएको तथा निजहरुको पद प्रदेशमा नरहेकोले निजहरु हाललाई केन्द्रको पुल दरवन्दीमा राख्ने (सम्बन्धित सेवा, समूह संचालन गर्ने मन्त्रालयले) ।

२ त्यस्ता पुल दरवन्दीमा रहेका वन रक्षकहरुलाई वन तथा वातावरण मन्त्रालयले चाँडो भन्दा चाँडो O & M गरी संघ वा प्रदेशमा राख्ने हो, सो गरी दरवन्दी मिलान गर्ने व्यवस्था प्रचलित कानून बमोजिम अगाडी बढाउने ।

३ सशस्त्र वन रक्षकहरुलाई हाल कार्यरत रहेकै स्थानमा काम गर्ने गरी खटाउने व्यवस्था सम्बन्धित मन्त्रालयले मिलाउने ।

(गणेश प्रसाद आचार्य)
शाखा अधिकृत